नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(..........................शाखा)
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..............................

# प्रेस विज्ञप्ति

नेपाल सरकार (सम्माननीय प्रधानमन्त्रीस्तर)को मिति २०७३।१०।२५ को निर्णयानुसार विकास निर्माण, राजश्व परिचालन र सार्वजनिक सेवा प्रवाहको निरिक्षण गर्ने गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक तथा पूर्वाधार विकास महाशाखा हेर्ने सचिव श्री टंकमणि शर्माको संयोजकत्वमा उच्चस्तरीय अनुगमन समिति गठन गरिएको छ । उक्त समितिमा अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, महालेखा नियन्त्रकको कार्यालय र राष्ट्रिय सतर्कता केन्द्रका सह-सचिव सदस्य तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सह-सचिव (आर्थिक तथा पूर्वाधार विकास महाशाखा) सदस्य सचिव रहने गरी तोकिएको छ

उक्त समितिलाई आवश्यकता अनुसार जिल्ला, क्षेत्र, प्रदेश तथा केन्द्रमा सञ्चालन भएका विकास निर्माणका कार्यहरू, राजश्व परिचालनको अवस्था, सार्वजनिक सेवा प्रवाहको अवस्था र समस्या बारेमा स्थलगत अवलोकन गरी प्रतिवेदन पेश गर्ने कार्य विवरण दिईएको छ । समितिका संयोजक सचिव श्री टंकमणि शर्माको संयोजकत्वमा मिति २०७३।१०।२८ गते बसेको सो समितिको बैठकबाट पहिलो चरणमा मिति २०७३ फागुन १ गते देखि ६ गतेसम्म काठमाण्डौ उपत्यका भित्रका केन्द्रीय निकायहरू र आयोजनाहरू तथा झापा र मोरङ्ग जिल्लामा स्थलगत निरीक्षण तथा अनुगमन गर्ने निर्णय भएको छ । पहिलो चरण अन्तर्गत सचिव श्री टंकमणि शर्मा सहित सह-सचिवहरू हरिशरण पुडासैनी र रामप्रसाद थपलिया रहेको टोलीले झापा र मोरङ्ग जिल्लामा तथा सह-सचिव रामशरण पुडासैनी, प्रमिला देवी शाक्य बज्राचार्य, जगन्नाथ देवकोटा र डा. तीर्थ ढकालले काठमाडौं उपत्यकामा अनुगमन गर्नेगरी कार्य जिम्मेवारी बाँडफाँड गरिएको छ।

समितिले पहिलो चरणमा काठमाडौं उपत्यका, भद्रपुर, विराटनगर, बिरगञ्ज, भैरहवा, नेपालगञ्ज, धनगढी र पोखरामा टोली खटाई मुकाम कायमगरी आसपासका जिल्लाहरूमा सचिवसहितको टोलीबाट निरीक्षण र अनुगमन गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ ।

२०७३ माघ २८ गते

..............................
चिरञ्जिवी पौडेल
उपसचिव/सहायक प्रवक्ता

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np